नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

( योजना तथा अनुगमन शाखा)

सानोठिमी, भक्तपुर

प.सं.: ०८२/८३

च.नं. ८९६

मितिः २०८३/०३/०३

**विषयः मनसुनजन्य विपद्को क्षति न्यूनीकरण तथा पुनर्लाभका लागि आवश्यक पूर्वतयारी सम्बन्धमा।**

**श्री विद्यालय सबै,**

प्रस्तुत विषयमा मनसुनजन्य विपदबाट प्रभावित हुन सक्ने विद्यालय र विद्यार्थीहरूको सिकाइ तथा सुरक्षालाई ध्यानमा राखी विद्यालयस्तरमा सम्भावित विपद्का जोखिमहरूको पहिचान, न्यूनीकरण तथा व्यवस्थापनका लागि र विद्यार्थीहरू विद्यालय आउँदा र घर फर्कंदा अपनाउनुपर्ने सुरक्षा उपायहरूको सम्बन्धमा सबै विद्यालयहरूले देहाय बमोजिमका कार्यहरू गर्नु गराउनु हुनको लागि निर्णयानुसार अनुरोध छ।

**तपसिल**

१. विद्यालय विपद् व्यवस्थापन योजना निर्माण, अद्यावधिक तथा कार्यान्वयन गर्ने
२. विद्यालयको जोखिम मूल्याङ्कन गरी सम्भावित जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्ने
३. विद्यार्थी, शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिलाई विपद् तयारी तथा सुरक्षासम्बन्धी अभिमुखीकरण गर्ने
४. विद्यालय आउँदा–जाँदा सडक सुरक्षा, नदी तथा पहिरो जोखिम, विद्युतीय जोखिम लगायतका विषयमा विद्यार्थीहरूलाई नियमित सचेतना प्रदान गर्ने
५. विद्यालयमा सुरक्षित निकास मार्ग, आपतकालीन सम्पर्क विवरण तथा प्राथमिक उपचार सामग्रीको व्यवस्था गर्ने
६. विपद्को समयमा विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्न अभिभावक तथा समुदायसँग समन्वय गर्ने
७. विद्यालय विपद् व्यवस्थापन तथा सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तह, वडा कार्यालय तथा सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गर्ने

साथै, विद्यालयस्तरमा तयार गरिएको विपद् व्यवस्थापन योजना तथा गरिएका तयारीसम्बन्धी विवरण स्थानीय तहमा जानकारी गराई आवश्यक सहयोग तथा समन्वय गर्नुहुन अनुरोध छ।

निलकण्ठ ढकाल
निर्देशक

**बोधार्थः**

श्री स्थानीय तह सबैः विद्यालयमा आवश्यक समन्वय र सहजीकरणको लागि अनुरोध छ।
श्री शिक्षा विकास तथा समन्वय इकाइः सबै विद्यालय र स्थानीय तहमा आवश्यक समन्वय र सहजीकरणको लागि अनुरोध छ।
श्रीमान् सचिवज्यू, शिक्षा तथा खेलकुद मन्त्रालय
माननीय मन्त्रीज्यूको सचिवालय, शिक्षा तथा खेलकुद मन्त्रालय